नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा)

पत्र सङ्ख्याः २०७९/८०    चलानी नं: 68

मितिः२०७९/१२/०१

**विषयः सार्वजनिक नीति निर्माण र सार्वजनिक नीति समिक्षाका मार्गदर्शनहरु सम्वन्धमा ।**

श्री सबै महाशाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।
श्री राष्ट्रिय किताबखाना, हरिहरभवन ललितपुर ।
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल ललितपुर ।
श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल ललितपुर ।
श्री निजामती कर्मचारी अस्पताल विकास समिति, मीनभवन ।
श्री तराई मधेश सम्वृद्धि कार्यक्रम, सिंहदरवार,काठमाण्डौ ।
श्री आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान, सानेपा, ललितपुर ।

नीति अनुसन्धान प्रतिष्ठानको च.न. ३३१ मिति २०७९।११।१५ को पत्रबाट नीति अनुसन्धान प्रतिष्ठानबाट तयार भएको सार्वजनिक नीति निर्माण र सार्वजनिक नीति समीक्षाका मार्गदर्शनहरु सवै मन्त्रालय/निकायले आ-आफ्नो विषय/क्षेत्रगत नीति तर्जुमा गर्दा अवलम्वन गर्ने व्यवस्था मिलाउने सम्वन्धी पत्र यसैसाथ संलग्न राखी कार्यान्वयनको लागि पठाईएको ब्यहोरा अनुरोध छ।

गणेश प्रसाद आचार्य
शाखा अधिकृत

**बोधार्थ:-**
श्री नीति अनुसन्धान प्रतिष्ठान,
नारायणहिटी, काठमाण्डौ ।

श्री सूचना प्रविधि शाखा :-
उक्त पत्रसाथ प्राप्त मार्गदर्शनहरु मन्त्रालयको वेभसाईटमा Upload गरिदिनु हुन ।

फोनः ४२००२९१    फ्याक्सः ४२००३२२    Email: info@mofaga.gov.np

# नीति अनुसन्धान प्रतिष्ठान
# Policy Research Institute
**(नेपाल सरकारको विशेषज्ञ समूह)**

प.सं. :- ०७९/८०
च.नं. :- ३३१

मिति :- २०७९/११/१५

श्रीमान् मुख्य सचिवज्यू
नेपाल सरकार,
सिंहदरबार, काठमाडौं।

**विषय: सार्वजनिक नीति निर्माण र सार्वजनिक नीति समीक्षाका मार्गदर्शनहरू सबै मन्त्रालय तथा निकायहरूलाई पठाइदिने बारे।**

महोदय,

उपरोक्त विषयमा यस प्रतिष्ठानले दुई वर्ष लगाएर गरेको अनुसन्धानको संश्लेषण र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा नेपाल सरकारका सचिवज्यूहरूसँग मिति २०७८ मङ्सिर १७ गते व्यापक छलफल गरी उहाँहरूबाट प्राप्त सुझावहरू समेत संलग्न गरी सार्वजनिक नीति सम्वद्ध दुई वटा मार्गदर्शनहरू ((१) सार्वजनिक नीति निर्माणको विषयवस्तु, विधि र प्रक्रिया, र (२) सार्वजनिक नीति समीक्षाका आयाम र विषयवस्तु) तयार गरिएका छन् । उक्त मार्गदर्शनहरु कार्यान्वयनमा लैजाँदा हाल नीति निर्माण र नीति समीक्षामा देखिएका कमीकमजोरीहरू सम्बोधन भई नेपाल सरकारले बनाउने सार्वजनिक नीतिहरू प्रभावकारी हुने र मौजुदा नीतिहरूसमेत समयसापेक्ष सुधार गर्न योगदान पुग्ने महसुस गरी मुख्य सचिवज्यूको अध्यक्षतामा मिति २०७९/०८/२९ गते बिहीबार बसेको सचिव बैठकले "नीति अनुसन्धान प्रतिष्ठानबाट तयार भएको सार्वजनिक नीति तर्जुमा सम्बन्धी मार्गदर्शन (guidelines) लाई सबै मन्त्रालय/निकायले आ-आफ्नो विषय/क्षेत्रगत नीति तर्जुमा गर्दा अवलम्बन गर्ने व्यवस्था मिलाउने" भन्ने निर्णयसमेत (निर्णयको बुँदा नं. १० मा) भइसकेको सन्दर्भमा सबै मन्त्रालय तथा निकायहरूको सहज प्रयोगका लागि नीति निर्माणको खाका र नीति समीक्षाका विषयवस्तुको खाका यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । यी दुबै मार्गदर्शनहरुको पूर्ण स्वरुपको सफ्टकपी प्रतिष्ठानको वेबलिङ्क (अन्य प्रकाशनहरू - नीति अनुसन्धान प्रतिष्ठान (pri.gov.np)) बाट प्राप्त गर्न सकिने व्यहोरा अवगत गराउँदै सार्वजनिक नीति निर्माण र नीति समीक्षाका उक्त मार्गदर्शनहरू सबै संघीय मन्त्रालय र निकायहरूलाई कार्यान्वयनको लागि पठाइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

..........................
डा. विष्णु राज उप्रेती
कार्यकारी अध्यक्ष

**सादर अवगतार्थ :**

१. श्री सम्माननीय प्रधानमन्त्रीको निजी सचिवालय , सिंहदरवार, काठमाडौं
२. श्री सम्माननीय प्रधानमन्त्रीको स्वकीय सचिवालय, वालुवाटार, काठमाडौं
३. श्री सबै संघीय मन्त्रालय/विभाग/निकायहरू

नारायणहिटी, काठमाडौं, नेपाल
फोन: ००९७७-१-४५३०५१७/४५३४९७९

Narayanhiti, Kathmandu, Nepal
Tel: 00977-1- 4530517, 4534979


Email: info@pri.gov.np
Website: www.pri.gov.np

नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute

# सार्वजनिक नीति निर्माणको विषयवस्तु, विधि र प्रक्रिया

नीति अनुसन्धान प्रतिष्ठानले करिब दुई वर्ष लगाएर नेपालका सार्वजनिक नीतिहरूको प्रभावकारिता कस्तो छ, सुधार गर्नुपर्ने पक्षहरू के-के छन्, सार्वजनिक नीतिको प्रभावकारिता वृद्धि गर्न थप के गर्नुपर्छ भन्ने सवालको सेरोफेरोमा रहेर गरेका अध्ययन, अनुसन्धान, नीति संवाद, बहस तथा सम्बद्ध सन्दर्भ सामग्रीहरूको अध्ययनको संश्लेषण र निचोडका आधारमा **"सार्वजनिक नीति निर्माणको विषयवस्तु, विधि र प्रक्रिया"** शीर्षकमा नीति निर्माणको मार्गदर्शन तयार पारेको । सोही विषयमाथि १७ मङ्सिर २०७८ मा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा मुख्य सचिवको अध्यक्षतामा नेपाल सरकारका सचिवहरूको बिचमा भएको छलफल तथा अन्तरक्रिया र १५ चैत्र २०७८ मा गण्डकी प्रदेशको नीति तथा योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा आयोजित प्रदेश मन्त्रालयका सचिवहरूसँगको छलफलबाट प्राप्त सुझावका आधारमा नीति समीक्षाको मार्गदर्शनलाई परिष्कृत गरी प्रकाशित गरिएको छ ।

**"सार्वजनिक नीति निर्माणको विषयवस्तु, विधि र प्रक्रिया"**मा समावेश (चित्र ३) नीति चक्र ।




स्रोतः उप्रेती, विष्णु राज र विश्वकर्मा, झम कुमार । (२०७९) । सार्वजनिक नीति निर्माणको विषयवस्तु, विधि र प्रक्रिया । काठमाडौं : नीति अनुसन्धान प्रतिष्ठान ।

**"सार्वजनिक नीति निर्माणको विषयवस्तु, विधि र प्रक्रिया"**मा समावेश (चित्र ४ सँग सम्बन्धित) नीति संरचना अन्तर्गतका विषयवस्तुको सङ्क्षिप्त व्याख्या देहाय बमोजिम रहेका छन्-

| सार्वजनिक नीतिको विषयवस्तु | विषयवस्तुको व्याख्या |
|---|---|
| १. पृष्ठभूमि | विषयवस्तुको परिचय, क्षेत्र र महत्त्वको छोटो विश्लेषणात्मक प्रस्तुतिकरण समावेश गर्ने । यस अन्तर्गत पाँच उपशीर्षक रहेका छन् । |
| १.१. ऐतिहासि सन्दर्भ | सम्वद्ध क्षेत्रमा विगतमा भएको प्रयासको परिणामको छोटो वस्तुगत समीक्षा (एक-दुई हरफमा) समावेश गर्ने । लामो विवरण नराख्ने । |
| १.२. वर्तमान अवस्थाको समीक्षा | नीतिगत क्षेत्र अन्तर्गत वर्तमान अवस्थाको छोटो समीक्षा समावेश गर्ने । |
| १.३. समस्या, चुनौती र अवसर | क्षेत्रगत समस्या, चुनौती र सम्भावित अवसरको पहिचान स्पष्ट समावेश गर्ने । |
| १.४. नीति निर्माणको आवश्यकता पहिचान | उपशीर्षक १.३ को आधारमा नीति निर्माण किन गर्नु परेको हो सोको छोटो विवरणसहित त्यसका लागि पहिचान गरिएका बृहत् क्षेत्रहरू समावेश गर्ने । |
| १.५. विधि | नीति निर्माण गर्दा अवलम्बन गरिएका चरणबद्ध विधिहरू उल्लेख गर्ने । |
| १.६. परिभाषा | नीतिको विषय, त्यसले समेट्ने क्षेत्र तथा दायरा समेट्ने गरी अनेकार्थ अलाग्ने गरी नीतिमा उल्लेख भएका महत्त्वपूर्ण अवधारणहरूको परिभाषा समावेश गर्ने । |
| २. नीति-मार्गदर्शन | नीतिलाई मार्गदर्शन वा निर्देशित गर्ने मुख्य दृष्टिकोण समावेश गर्ने । यस अन्तर्गत चार उपशीर्षक रहेका छन् । |
| २.१. नीति निर्माणका मार्गदर्शक सिद्धान्त तथा आधारहरू | सार्वजनिक नीति निर्माणका लागि संवैधानिक, कानूनी, नैतिक मार्गदर्शन र आधार सिर्जना गर्ने विषयहरू जस्तै संविधान, क्षेत्रीय र अन्तर्राष्ट्रिय सन्धिसम्झौता लागयतका प्रावधान र प्रस्तावित नीतिको सम्बन्ध उल्लेख गर्ने । |
| २.२. दूरदृष्टि | नीति निर्माणको दीर्घकालीन सोच समावेश गर्ने । |
| २.३. लक्ष्य | नीतिमार्फत प्राप्त गर्न चाहेको प्रतिफलको आकलन मापन गर्न सकिने गरी (कम्तिमा पनि न्यूनतमदेखि अधिकतम बिन्दुखुलाई समावेश गर्ने) । |
| २.४. उद्देश्य | नीतिका लक्ष्य केन्द्रित प्रमुख गन्तव्य मापन गर्न सकिने गरी समावेश गर्ने । |
| ३. नीति-मार्गदर्शनका प्रमुख अङ्गहरू | नीतिका प्रमुख प्रावधानहरू, रणनीति तथा कार्यनीतिहरू (उपशीर्षक ३.१ देखि ३.३ सम्म)लाई समेट्ने गरी निर्देशनात्मक अनुच्छेद समावेश गर्ने । |
| ३.१. नीति प्रावधानहरू (Policy Statements) | नीतिका उद्देश्यहरू प्राप्तिका लागि तयार पारिएका प्रमुख कार्यान्वयन योग्य प्राबधानहरू बुँदागत रूमा समावेश गर्ने । |
| ३.२. रणनीतिहरू | नीति प्राबधान (Policy Statement) कार्यान्वयनका लागि निर्धारण गरिएका लक्ष्य केन्द्रित रणनीतिहरू मापन गर्न सकिने गरी बुँदागत रूपमा समावेश गर्ने । हरेक नीति प्रावधानका एक वा एकभन्दा बढी रणनीतिहरू हुनसक्दछन् । |

| सार्वजनिक नीतिको विषयवस्तु | विषयवस्तुको व्याख्या |
|---|---|
| ३.३. कार्यनीतिहरू | रणनीति कार्यान्वयनका लागि मात्रात्मक रूपमा मापन गर्न सकिने गरी प्रष्ट कार्ययोजनाहरू समावेश गर्ने । हरेक रणनीतिका लागि एक वा एकभन्दा बढी कार्यनीति हुनसक्छन् । |
| ४. नीति कार्यान्वयनका आधारहरू | नीति कार्यान्वयनका लागि आवश्यक पूर्वसर्तहरू जस्तै- स्रोत, साधन, वित्त, जनशक्ति तथा प्रविधि लगायतका सवाल (उपशीर्षक ४.१ देखि ४.७ सम्म)को आवश्यकता र महत्त्वलाई सङ्क्षेपमा समावेश गर्ने । |
| ४.१. संस्थागत संरचना | नीति कार्यान्वयन गर्ने निकाय तथा संरचनाको प्रष्ट पहिचानसहित समावेश गर्ने । |
| ४.२. वित्तीय तथा मानवीय स्रोत व्यवस्थापन | नीति कार्यान्वयनका लागि आवश्यक पुँजी तथा मानवीय स्रोत व्यवस्थापनको प्रष्ट पहिचानसहित समावेश गर्ने । |
| ४.३. भौतिक पूर्वाधार तथा | नीति कार्यान्वयनका लागि आवश्यक पर्ने भौतिक संरचना, औजार तथा उपकरणको समेत प्रष्ट पहिचानसहित समावेश गर्ने । |
| ४.४. कानूनी व्यवस्था | नीति कार्यान्वयनका लागि आवश्यक कानूत, नियमावली, कार्यविधि लगायतको प्रष्ट पहिचानसहित समावेश गर्ने । नयाँ कानून निर्माण गर्नुपर्ने वा विद्यमान कानून परिमार्जन गर्नुपर्ने भए सो समेत समावेश गर्ने । |
| ४.५. अन्तरनीति समन्वय | नीति कार्यान्वयनको सन्दर्भमा जोडिन आउने अन्य नीतिहरू र सोसँग सम्बन्धित विषय तथा क्षेत्रको नीतिसँगको सम्बन्ध प्रष्ट पहिचानसहित समन्वयको सुनिश्चितताको प्रावधान समावेश गर्ने । परस्पर विरोधी प्रावधानहरू भए त्यसलाई मिलाउने समयसीमासहित प्रष्ट उल्लेख गर्ने । |
| ४.६. अन्तरमन्त्रालय समन्वय | नीति कार्यान्वयनको सन्दर्भमा जोडिन आउने विभिन्न मन्त्रालयहरू वा निकायहरूसँगको समन्वयको बारेमा भूमिका र जिम्मेवारीसहतिको संयन्त्रको व्यवस्था उल्लेख गर्ने । संयन्त्रको काम, कर्तव्य तथा दायित्वसमेत उल्लेख गर्ने । |
| ४.७. जोखिम व्यवस्थापन | नीति कार्यान्वयनका क्रममा आइपर्ने सम्भावित क्षति तथा चुनौती र तिनीहरूको न्यूनीकरणको उपायहरू पहिचानसहित समावेश गर्ने । |
| ५. नीति अनुगमन, समीक्षा तथा पुनरावलोकन | नीतिको अनुगमन, मूल्याङ्कन, समीक्षा तथा पुनरावलोकन (उपशीर्षक ५.१ देखि ५.२ अन्तर्गतका विषयवस्तुलाई समेट्ने गरी)कौ निर्देशनात्मक महत्त्व स्पष्ट रूममा सङ्क्षेपमा समावेश गर्ने, जसले नीति समीक्षकलाई मार्गदर्शन गरोस् । |
| ५.१. अनुगमन तथा मूल्याङ्कन | नीति कार्यान्वयन तथा प्रभावको अनुगमन र मूल्याङ्कनको स्पष्ट प्राबधानसहित मुख्य सूचकसमावेश गर्ने, जसले उपशीर्षक ५.२ को आधार तयार पर्दछ । |
| ५.२. नीति समीक्षा तथा पुनरावलोकन | नीतिको निरन्तरा, संशोधन, खारेजी वा नयाँ नीति निर्माण (उपशीर्षक 'क' र 'ख' लाई समेट्ने गरी)को महत्त्व दर्शाउने गरी हरेक पाँच-पाँच वर्षमा नीति समीक्षाको प्रावधान समावेश गर्ने । |

| सार्वजनिक नीतिको विषयवस्तु | विषयवस्तुको व्याख्या |
|---|---|
| (क) नीति समीक्षाका आयामहरू | नीति समीक्षाको क्षेत्र तथा दायराहरू यस अन्तर्गतका उपशीर्षकलाई पृष्ठपोषण गर्ने गरी समावेश गर्ने । |
| १. विषयवस्तु | यस खण्डमा नीति समीक्षाका विषयवस्तु तथा मुख्य मुख्य सूचकसमावेश गर्ने । |
| २. प्रक्रिया | यस खण्डमा नीति निर्माणको प्रक्रियाको महत्त्व र यस अन्तर्गत कुन्-कुन् प्रक्रियाको समीक्षा गर्ने भन्ने कुरा मुख्य सूचकाङ्कसहित समावेश गर्ने । |
| ३. कार्यान्वयन | यस खण्डमा नीति कार्यान्वयन समीक्षाको महत्त्व र कार्यान्वयन समीक्षाका सम्भावित आधारहरूको विषय मुख्य सूचकबनाई समावेश गर्ने । |
| ४. प्रभाव | यस खण्डमा नीति कार्यान्वयनको परिणामले पारेको प्रभावको महत्त्व र प्रभाव मापकका सम्भावित सूचक समावेश गर्ने । |
| (ख) नीति समीक्षाका परिणामहरू | यस खण्डको उपशीर्षकको उद्देश्यलाई समेट्ने गरी निदेशात्मक व्याख्यासहित परिणामका सूचकहरू समावेश गर्ने । |
| १. निरन्तरता/परिमार्जन | यस खण्डमा कस्तो अवस्थामा नीतिले निरन्तरता पाउनु पर्ने हो वा कस्तो अवस्थामा नीति संशोधन गर्नुपर्ने हो सोको निर्देशात्मक व्याख्या समावेश गर्ने । |
| २. नीति खारेजी | यस खण्डमा कस्तो अवस्थामा नीति खारेजी गर्नुपर्ने सोको निर्देशात्मक व्याख्या समावेश गर्ने । |
| ३. नयाँ नीति तर्जुमा | यस खण्डमा कस्तो अवस्थामा सोही क्षेत्र र विषयमा नयाँ नीति निर्माण गर्नुपर्ने हो सोको निर्देशात्मक व्याख्या समावेश गर्ने । |

नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute

**"सार्वजनिक नीति समीक्षाका आयाम र विषयवस्तु"** शीर्षकमा तयार पारिएको मार्गदर्शनमा पहिचान गरिएका सार्वजनिक नीति समीक्षाका बहुआयामिक पक्षहरूको सङ्क्षेपीकरण देहाय बमोजिम रहेका छन्-

| क.सं. | नीति समीक्षाका आयामहरू | नीति समीक्षा गर्दा समेटिनुपर्ने विषयवस्तुहरू |
|---|---|---|
| १ | **परिवेशको समीक्षा** | **१.१. पृष्ठभूमिको समीक्षा** |
| | | राजनीतिक परिवेश |
| | | सामाजिक परिवेश |
| | | आर्थिक परिवेश |
| | | अन्य परिवेश |
| २ | **संरचना तथा विषयवस्तुको समीक्षा** | **२.१. नीतिको उद्देश्य तथा संरचनागत प्रावधानको समीक्षा** |
| | | पृष्ठभूमि खण्डको समीक्षा |
| | | नीतिको समस्या पहिचान र विश्लेषणमा प्रयोग भएको प्रमाणहरूको समीक्षा |
| | | नीति मार्गदर्शनको समीक्षा |
| | | नीति मार्गदर्शनका प्रमुख अङ्गहरू (नीति-प्रावधान, रणनीति र कार्यनीति)को समीक्षा |
| | | नीति कार्यान्वयनका स्रोत तथा आधारहरूको समीक्षा |
| | | नीति अनुगमन, मूल्याङ्कन, समीक्षा तथा पुनरावलोकन सम्बन्धी प्रावधानको समीक्षा |
| | | **२.२. नीति कार्यान्वयन औजारको समीक्षँ** |
| | | **२.३. नीति कार्यान्वयन सम्बद्ध निकाय, स्रोत तथा कानूनी प्रबन्धको समीक्षा** |
| | | संस्थागत संरचना, |
| | | वित्तीय तथा मानवीय स्रोतको व्यवस्थापन |
| | | भौतिक पूर्वाधार तथा उपकरण |
| | | कानूनी व्यवस्था |
| | | अन्तरनीति समन्वय |
| | | अन्तरतह, अन्तरमन्त्रालय र अन्तरनिकाय समन्वय |
| | | सम्भाव्य जोखिमको पूर्वानुमान तथा व्यवस्थापन |
| | | **२.४. समयसीमा** |
| | | **२.५. लक्षित वर्ग तथा जनसङ्ख्या** |
| ३ | **नीति निर्माण तथा कार्यान्वयन प्रक्रियाको समीक्षा** | **३.१. नीति निर्माण प्रक्रियाको समीक्षा** |
| | | नीति निर्माणको विषय पहिचान र निर्धारण (अनुसन्धानमा आधारित) |

| क्र.सं. | नीति समीक्षाका आयामहरू | नीति समीक्षा गर्दा समेटिनुपर्ने विषयवस्तुहरू |
|---|---|---|
| | | नीति निर्माणको स्रोत तथा विषयवस्तु विश्लेषण र प्राथमिकीकरण (अनुसन्धानमा आधारित) |
| | | नीतिको प्रारम्भिक मस्यौदा लेखन, मस्यौदामाथि सार्वजनिक बहस तथा प्रारम्भिक मस्यौदा परिमार्जन |
| | | परिमार्जित मस्यौदामाथि विज्ञ समीक्षा र पृष्ठपोषण, थप पृष्ठपोषणका लागि मस्यौदा सार्वजनिकीकरण, अन्तिम मस्यौदा लेखन, अनुमोदन तथा स्वीकृत |
| | | नीति कार्यान्वयन तथा अनुगमन |
| | | मूल्याङ्कन र परिमार्जन, खारेजी वा नयाँ नीति निर्माण |
| | | **३.२. नीति कार्यान्वयन प्रक्रियाको समीक्षा** |
| | | वार्षिक नीति तथा कार्यक्रम र बजेटसँग मौजुदा नीतिको तालमेल |
| | | योजना निर्माण |
| | | योजना कार्यान्वियन, समय र परिवेश |
| | | सचेतना कार्यक्रम |
| | | सीप तथा क्षमता अभिवृद्धि |
| | | नीति कार्यान्वयनको स्तर निर्धारण |
| | | नीति कार्यान्वयनका चुनौतीहरूको पहिचान |
| | | विद्यमान चुनौतीहरूको सम्बोधन गर्ने उपयुक्त उपायहरूको पहिचान |
| | | नीति सुधारका उपायहरूको कार्यान्वयन विधि |
| ४ | **नतिजा श्रृङ्खलाको समीक्षा** | **४.१. लगानी (Input)** |
| | | **४.२. नीति प्रतिफल (Output)** |
| | | **४.३. परिणाम (Outcome)** |
| | | नीति अभिप्राय |
| | | नीति तथा कार्यक्रम सूचकहरू |
| | | सकारात्मक तथा नकारात्मक परिणाम |
| | | **४.४. प्रभाव समीक्षा** |
| | | प्रभाव समीक्षाका बहुआयामिक पक्षहरू |
| | | परिवर्तनको सिद्धान्तका आधारमा नीतिको प्रभाव मूल्याङ्कन तथा समीक्षा |
| ५ | **लागत-लाभ विश्लेषण** | **५.१. लागत-लाभको समीक्षा** |